कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ५५ ने. सं. ११३२ गुंलागा त्रयोदसि बुधवा: २०६९ श्रावण ३१ गते बुधवार (Aug - 15, 2012) मुल्य : ५/- (न्यातका)

शीर्ष नेताहरूद्वारा केन्द्रीय स्तरमा गोलमेच सभा स्वीकार

कीर्तिपुरका नेताहरूद्वारा अघोषित रुपमा बहिष्कार

कीर्तिपुर सन्देश /

मुलुकमा राजनीतिक निकासका लागि भनी नेकपा-माओवादीले आयोजना गरेको गोलमेच सभामा कांग्रेस, एमालेदेखि अन्य स-साना राजनीतिक दलहरूले स्वीकार गरी ती दलका नेताहरू सहभागी भएका थिए भने कीर्तिपुरमा भएको गोलमेच सभालाई भने अन्य दलका नेताहरूले अघोषित रुपमा अस्वीकार गरिएका छन । गत शनिवार साउन २७ गते ललितपुर मा नेकपा-माओवादीले केन्द्रीय स्तरमा गोलमेच सभाको आयोजना गरिएको थियो ।

सो सभामा एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड, कांग्रेसका सभापति सुशील कोइराला, एमालेका अध्यक्ष झलनाथ खनाल लगायत अन्य दलका शीर्ष

नेताहरू सहभागी भई मुलुकको निकासका लागि आ-आफ्नो धारणा राख्दै गोलमेच सभा आवश्यकता भएको बताएका थिए । तर सोहि दिन नेकपा-माओवादी काठमाण्डौं निर्वाचन क्षेत्र नं १० ले कीर्तिपुरमा आयोजना गरेको गोलमेच सभामा भने कांग्रेस, एमालेदेखि अन्य दलका कुनै पनि प्रतिनिधि सहभागी भएनन् । आयोजकहरूले अन्य दलका स्थानीय नेताहरूलाई अन्तिम समय सम्म पनि सहभागीताका लागि अनुरोध गरिएको कार्यक्रममा जानकारी गराएको थियो । नेकपा-माओवादी १० नं. क्षेत्रका ईन्चार्ज विरातको सभापतित्वमा सेक्रेटरी राजु पुतवारले संचालन गरेको सो कार्यक्रमको नेकपा-माओवादीका जिल्ला सह ईन्चार्ज धनबहादुर महर्जन प्रमुख अतिथि बन्नु भएको थियो । प्रमुख अतिथि महर्जनले संविधानसभा विघटन हुनुको मूल कारण संविधानसभाको सवैधानिक समिति अन्तर्गत प्रचण्डको नेतृत्वमा उप समिति गठन गरि संविधानसभालाई निकम्मा बनाइएको, पहिचान सहितको संघीयताको सवालमा प्रमुख दलका नेताहरूले अस्वीकार गरेको र सत्ता मोहका कारण भएको बताउनु भयो। उहाँले अव निकासका लागि सर्वपक्षिय गोलमेच सभा गरि सर्वपक्षिय सरकार गठन गर्नुपर्ने र संविधानसभाका विषयगत समितिले बहुमतवाट निर्णय गरेका कुरा संविधानमा समावेश गर्ने सहमति गरि केही समयको लागि संविधानसभा पुनर्स्थापना गरि संविधान जारी गर्नुपर्ने र त्यसपछि चुनावमा जानुपर्ने बताउनु भएको थियो। कार्यक्रममा बुद्धिजीवी डा. चन्द्रमान बज्राचार्यले दलका नेतृत्व नै इमान्दार नभइ बेइमान भएका कारण देशमा ठूलो संकट आएको बताउँदै वर्तमान राजनीतिक अवस्थाका विषयमा ठाउँ ठाउँमा अन्तर्क्रिया कार्यक्रम गर्नुपर्ने जोड दिनु भएको थियो । वर्तमान राजनीति संकट, अग्रगामी निकास विषययमा अन्तर्क्रिया कार्यक्रमको रुपमा आयोजित सो गोलमेच सभामा समाजसेवी द्वारिका महर्जनले निकासका लागि गोलमेच सभा राम्रो हो तर भव्य रुपमा गर्नुपर्ने बताउनु भएको थियो । त्यस्तै गरि कीर्तिपुर सन्देश साप्ताहिका प्रकाशक नजरराम महर्जनले नेताहरू सत्ताको खेलमात्र खेलिरहेकाले संविधान नबनेको हो । नेताहरू इमान्दार भए मात्र राजनैतिक निकास दिन सक्ने र त्यसका लागि नेताहरू नै तयार हुनुपर्ने बताउनु भएको थियो । सो कार्यक्रममा कीर्तिपुर सन्देश साप्ताहिकका सम्पादक श्रीकृष्ण महर्जनले विदेशी चलखेलका कारण र संघीयताका सवालमा दलका नेताहरूले सहमति गर्न नसक्दा नै समस्या आएको बताएका थिए । त्यस्तै गरि स्वर्णीम साप्ताहिका प्रवन्ध सम्पादक विरेन्द्र विणु शाक्यले दलका नेताहरूले षडयन्त्रमुलक ढंगवाट संविधानसभा विघटन गरेका कारण मुलुकमा संकट आएको बताएका थिए। कार्यक्रममा भरत बहादुर महर्जन, रमेश महर्जन लगायतले पनि आ-आफ्नो विचार राख्नु भएको थियो।

VACANCY

Post : Jobber
Nos : 10
Qualification : Minimum +2 in any discipline
Extra Qualification : Must be expert in word, Excel and Internet Searching & Typing Speed
Salary : NRS 20,000 +
Interested Candidate Ca Apply with their hand written application, CV and testimonials
For More Details Contact

Mobiland Investment Pvt.Ltd
Ph 4332057
(Note : Selected Candidates should be taken paid)

मोबिल्याण्ड इन्भेष्टमेन्ट
लगानीको नयाँ क्षेत्र

तपाई पनि सुन, चाँदी, तामा, पितल, कच्चा तेलको अन्तर्राष्ट्रिय बजार मा सुरक्षित लगानी गरी प्रतिफल पाउन चाहनु हुन्छ भने हामी तपाईलाई सहयोग गर्छौं ।

पहिला बुझ्नुहोस, सिक्नुहोस अनि आफूलाई सुरक्षित भए मात्र लगानी गर्नुहोस् ।

विस्तृत जानकारीका लागि

मोबिल्याण्ड इन्भेष्टमेन्ट प्रा.लि.

नयाँबजा, कीर्तिपुर, सम्पर्क फोन : ४३३२०५७

आवश्यकता

यस पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि. को लागि प्रवन्धक (Manager) आवश्यक भएकोले कीर्तिपुरमा स्थायी बसोवास गर्नेहरू द्वारा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गरिने हुनाले यही २०६९ साल भाद्र ६ गते भित्रमा दरखास्त आव्हान गरिएको छ ।

पद: प्रवन्धक (Manager) १ (एक जना)

आवश्यक न्यनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापनमा स्नातक वा BBA सो सरह, सहकारी सम्बन्धी अनुभवीलाई विशेष ग्राह्यता

परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता

तलब सुविधा : संस्थाको नियमानुसार

दरखास्त दस्तुर : रु.३०० (तीनसय) फिर्ता नहुने गरी

नेपाली नागरिकताको फोटोकपी

हाल सालै खिचेको फोटो – एकप्रति ।

पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि.

ढोकासी, पाँगा, कीर्तिपुर ९, काठमाडौं फोन नं ०१-६२७८१३

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

कीर्तिपुरमा राजनैतिक शुन्यता

पछिल्लो समयमा राजनीतिक रुपमा अन्यौलता सृजना भएको अवस्थामा ऐतिहासिक एवं सांस्कृति नगर मात्र नभई राजनीतिक रुपमा पनि जहिले पनि चर्चामा आइरहने र महत्वपूर्ण भूमिका खेल्दै आएको कीर्तिपुरमा भने राजनीतिक रुपमा एक ढुंगबाट शुन्यता नै भएको छ। विगतदेखि नगरपालिकाको सर्वदलिय संयन्त्रका सहभागी हुँदै आएका एकीकृत माओवादी, नेपाली कांग्रेस, एमाले र नेमकिपाले खासै रुपमा कीर्तिपुरवासीलाई वर्तमान राजनीतिक अवस्था बुझाउन र क्रियाशिल बनाउन कार्यक्रम ल्याइएको छैन। आ-आफ्नो राजनीतिक दलको कार्यक्रम आए मात्र करले ती कार्यक्रम गर्नेतर स्थानीयतालाई ध्यानमा राखी नयाँ ढुंगको कार्यक्रम नगरेको धेरै भइसकेको अवस्था छ। गत हप्ता नव गठित नेकपा–माओवादीले गोलमेच सभा कीर्तिपुरमा आयोजना गरेतापनि अन्य दलका स्थानीय नेताहरु नआएका कारण त्यो कार्यक्रम पनि एक ढुंगवाट फितलो नै भएको छ।

त्यसै गरि अन्य राजनीतिक दलहरु नेपाः राष्ट्रिय पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा कार्यकर्ताहरु पनि खासै क्रियाशिल भइरहेको अवस्था छैन। विगतदेखि नगर पालिकाको संयन्त्रमा सहभागी एकीकृत माओवादी, कांग्रेस, एमाले र नेमकिपा पछिल्लो समयमा पनि नगरपालिकाको विषयमा मात्र ध्यान दिने तर कीर्तिपुरवासीलाई राजनीतिक रुपमा सुसुचित गर्ने काम नगरिरहेको कारण कतै कीर्तिपुरका स्थानीय नेताहरु पनि र ाजनीतिक अन्यौलताका साथ साथै निराश भएर त हैन भनी प्रश्न उठ्नु स्वाभाविक नै हो। मुलुकको सबैभन्दा राजनीतिक रुपमा सचेत र निर्णायक भूमिका खेल्ने उपत्यका, उपत्यकाभित्र पनि काठमाण्डौं जिल्ला अनि काठमाण्डौं जिल्लाभित्र पनि कीर्तिपुर भनी परिचित रहेको छ। पृथ्वीनारायण शाहको समयदेखि ४६ साल, ६२/६३ सालसम्म पनि कीर्तिपुरवासीले अत्यन्तै महत्वपूर्ण र निर्णायक भूमिका खेलेको कुरा सर्व विदितैछ।

मुलुकको यस्तो अन्यौलपूर्ण अवस्थामा पनि जनताले राजनीतिक रुपमा सचेत हुन र बुझ्ने चाहाना राख्ने अवस्थालाई कीर्तिपुरका राजनीतिक दलका नेताहरुले बेवास्ता गर का कारण कीर्तिपुरवासी पनि एक ढुंगवाट राजनीतिक रुपमा निराश बन्दै गएको अवस्था छ। निराश बन्दै जादा भोली आफुहरुलाई नै गाह्रो हुने कुरा पनि स्वयं कीर्तिपुरमा क्रियाशिल राजनीतिक दलका स्थानीय नेताहरुले बुझ्नु जरुरी छ। जनतालाई राजनीतिक रुपमा क्रियाशिल र गतिशिल बनाई राख्नुपर्ने कुरालाई ध्यान दिनु पर्नेछ अन्यथा भोलीका परिस्थितिले नयाँ राजनीतिक शक्ति पनि निर्माण हुन सक्ने कुरालाई स्वयं कीर्तिपुरका स्थानीय नेताहरुले बुझ्नुपर्ने अवस्था छ।

नेपालको राजनीति चार ध्रुवमा चार मोर्चा

श्रीकृष्ण ज्यापु ——

वर्तमान राजनीतिक सकंट निकासका लागि भनी अव मुलुकमा चारवटा ध्रुवमा चारै वटा मोर्चा गठबन्धन गठन हुने भएको छ। एउटा मोर्चाको नेतृत्व एकीकृत नेकपा (माओवादी)ले नेतृत्व गर्नेछ । जुन गठबन्धनलाई अबदेखि संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धन भनी नामांकरण गरिनेछ। सो मोर्चाको प्रस्तावित नाम संघीय लोकतान्त्रिक गठबन्धन थियो। एकीकृत माओवादीले नेतृत्व गर्ने सो गठबन्धन अहिले सर कारमा रहेका दलहरूको मोर्चा बन्ने छ। पहिचान सहितको संघीयता आफूहरूको मूल उद्देश्य रहेको बताइएको छ । मुलुकमा ठूलो र ाजनीतिक शक्तिको रुपमा स्थापित गरि चुनावसम्म पनि मोर्चा बनाएर जाने सोच सो मोर्चाले बनाईएको छ। एकीकृत माओवादीको नेतृत्वमा बन्ने सो मोर्चाले पहिचान सहितको संघीयतालाई अन्य दलहरूलाई स्वीकार गराउन भूमिका खेल्ने र संविधानसभाको पुनस्थापना गरि सो संविधान जारी गरेपछि चुनावमा जाने र अर्को विकल्पको रुपमा अध्यादेश मार्फत संविधान संशोधन गरि संविधानसभाको अर्को चुनाव गराउने उद्देश्य बनाएको छ।

त्यस्तै गरि अर्को मोर्चा भनेको नेकपा (एमाले)को प्रस्तावमा नेपाली कांग्रेसको नेतृत्वमा लोकतन्त्रवादीहरूको गठबन्धन । वर्तमान सरकार विरुद्ध आन्दोलन गर्ने र कांग्रेसकै नेतृत्वमा सरकार बनाउने मूल उद्देश्य राखेको सो मार्चा पहिचानको आधारमा नभई सामर्थ्यताको आधारमा भनी भूगोलको आधारमा राज्य पुनर्संरचना गर्ने लाइन लिइने छ । कांग्रेसको सो मोर्चाले उद्देश्यको रुपमा लोकतान्त्रिक गणतन्त्रलाई संस्थात गर्ने, लोकतन्त्रिक गणतन्त्रलाई नै प्रमुख एजेण्डा बनाई संघीयताको सवालमा भने सकेसम्म मौन बस्ने। वर्तमान सरकार र एकीकृत माओवादीले अधिनायकवाद लागू गर्न खोजेको सो मार्चाको आरोप छ। अहिले उक्त मोर्चाको नाम तयार गरिनसेकेको अवस्था छ भने बनाउने तयारीमा र हेको छ।

त्यस्तै गरि नेकपा-माओवादीको नेतृत्वमा तेस्रो मोर्चा गठन गरिसकेको अवस्था छ । सो मोर्चाले आफूहरू क्रान्तिकारी र जनवादी भएको बताउदै जनताको संघीय संविधान बनाउने मूल उद्देश्य रहेको छ। लोकतन्त्र शब्दलाई एक ढुंगबाट अस्वीकार गर्दै सो मोर्चाले अहिलेको अवस्थामा गोलमेच सभाको माध्यमवाट निकास निकाल्नुपर्ने आफ्नो एजेण्डा बनाउदै आएको अवस्था छ। नेकपा-माओवादीको नेतृत्वमा बनेको सो मोर्चाको नाम संघीय जन गणतान्त्रिक मोर्चा नेपाल नामांकरण गरिएको छ। केहि समय अघिसम्म संघीय गणतान्त्रिक मोर्चा नामांकरण गरिएतापनि पछिल्लो समयमा एकीकृत माओवादीले पनि संघीयतालाई नै आधार मानी संघीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चा बनाउने तयारी गर पछि संघीय जन गणतान्त्रिक मोर्चा नामांकरण गरिएको हो । एकीकृत माओवादीको नेतृत्वमा रहेको मोर्चा र कांग्रेसको नेतृत्वमा बन्ने दुवै मोर्चाले जनतालाई ढोका दिने विश्लेषण गर्दै तेस्रो शक्तिको रुपमा सो मोर्चाको उदय भएको नेताहरू दावी गर्दछन् । यो मोर्चाले पनि पहिचानको आधारमा र ाज्य पुनर्संरचना गर्नुपर्ने माग गर्दै आएको छ। र जनताको संघीय गणतान्त्रिक संविधान निर्माणका लागि दलहरू तयार नभए आन्दोलनको माध्यमवाट अगाडि बढ्नुपर्ने कुरामा जोड दिदै आएको अवस्था छ।

त्यसैगरि आदिवासी जनजाति, मधेसी र राज्यद्वारा बहिस्करणमा परि एका समुदायका कार्यकर्ता एवं विभिन्न पार्टीमा आबद्ध भएका जनजाति एवं मधेसी नेताहरूले चौथो र ाजनीतिक शक्ति निर्माणका लागि तयारी गरेको अवस्था छ। सो मोर्चा निर्माणका लागि सबै भन्दा पहिले जनजातिको नेतृत्वमा रहेको राष्ट्रिय स्तर को पार्टी निर्माण गर्नका लागि आवश्यक अवधारणा पत्र समेत सार्वजनिक गरि सकेको अवस्था छ । समाजवादी लोकतान्त्रिक बहुल राष्ट्रिय पार्टी नामांकरण गरिएको सो नयाँ राजनीतिक दल अहिलेको अवस्थामा आदिवासी जनजातिका बुद्धिजीवीहरूले नै मास्यौदा बनाइएको हो भने भोलीका दिनमा विभिन्न राजनीतिक दलका आदिवासी जनजाति नेताहरूपनि आउने दावी गर्दै आएको छ। करिव दुई महिना पछि सो दल औपचारिक रुपमा घोषणा हुने दावी गरेको छ। उक्त दलको मूल उद्देश्य भनेको पहिचानको आधारमा र ाज्यको पुनर्संचना, सामाजिक न्याय, लोकतन्त्र र गणतन्त्र हो। विशेष गरि एमालेका आदिवासी जनजाति नेताहरू सो दलमा आउने आशा गरेको र कांग्रेसका जनजाति नेताहरू पनि आउने दावी जनजाति नेताहरूले गर्दै आएका छन्। एकीकृत माओवादी र नेकपा-माओवादीले पहिचानको आधारमा संघीतालाई लिएर फेरी ढोका दिदैन भनी केही जनजाति नेताहरू ती पार्टीहरूमा बसेतापनि अन्तमा फेरी ढोका दिने र त्यसपछि जनजातिले नेतृत्व गर्ने दलमा आउने समेच दावी गर्दै आएका छन्। यसै वीच एमालेका जनजाति नेताहरू जस्ले अग्रगामी विचार समूह भनी दावी गर्दै आएकाहरूले मार्क्सवादमा आधारित संघीय लोकतान्त्रिक दल गठन गर्ने संभावना नभएको पनि हैन। त्यस्तो ढंगको दल निर्माण गरेतापनि अन्तमा आदिवासी जनजाति अगुवाहरूले निर्माण गर्ने दल र एमालेका जनजाति नेताहरूले निर्माण गर्ने दलको उद्देश्यमा धेरै कुरा मिल्ने भएकोले चौथो मोर्चामा ध्रुविकृत हुने अवस्था छ।

यी चारै वटा मोर्चा अव नेपालको राजनीतिमा देख्न सकिने अवस्था आएको छ। ती चार मोर्चाले नै नेपालको राजनीतिलाई अगाडी लाने अवस्था र हेको र चुनाव सम्म पनि मोर्चालाई कायम गर्ने अवस्था छ। यी चार मोर्चा अर्थात गठबन्धनले जनताका माग, पहिचानको आधारमा संघीयताको सवालमा कस्ता अवधारणा अगाडी ल्याउने र मुलुकलाई कसरी अगाडी बढाउने हे त्यो भने हेर्न बाकि नै छ।

गत गाईजात्राको दिनमा एका विहानै कीर्तिपुर नगरपालिका वडा नं.३ भरियापुखुसीमा भीषण आगलागीवाट पीडित परिवारजनलाई चन्दा सहयोग दिनु हुने व्यक्ति, संघ संस्थाहरूको विवरण क्रमसः यस पत्रिकामा प्रकाशित गर्दै जाने जानकारी गराउन चाहन्छु । (संपादक)

१.पुष्प सदन आवासीय मा.वि. – नगाउँ – ३६,०००।-
२.तःननी टोल – तःननी टोल – २२,१८२।-
३.सन स्टार+ चिठू परिवार - चिठू – २०,८६७।-
४. कल्पना रोक्का - भत्क्यापाटी - २०,०००।-
५. रामकृष्ण – ठमेल –२०,०००।-
६. चाफः (कोछेँ) – चाफल –१९,३३५।-
७. ल्वहँदेगः महिला समुह/म्वानत्वा विचा गुठी-१९,००१।–
८. बाघभैरव भजन मंडल – बाघभैरव - १८०५५।–
९. बाहिरी गाउँ टोल–१७ –बाहिरीगाँ – १५,८०४।–
१०. सागल टोल परिवार –सागल – १४,९४५।
११. सिंद्राः टोल – सिंद्राः - १३,५२१।
१२.इटाछेँ हवाकुंचा – किपू – १३,२९५।
१३.श्रीपंचमी मानन्धर गुठी – सायमी त्वा - १२,७००।
१४.कीर्तिपुर देय् गुठी – कीर्तिपुर - १२,००२।
१५.कुतुसा मिसा पुचः – कुतुसा - १०,०१७।
१६.सुमेरु फाइनान्स – ललितपुर -१०,०००।
१७.सुरेश+हिरानानी+तुँभ्रो टोल – तुँभ्रोटाल - ७,१००।
१८.तिमिला महिला समुह – कीर्तिपुर - ६,०००।
१९. अमल्सि टोल समिति – नयाँवजार - ५,०००।
२०.नन्दलाल महर्जन – तःननी - ५,०००।
२१.श्री धर्मकृती महाविहार – नयाँवजार -४,३४५।
२२. मंकाः मिसा पुचः – गुतपौ - ४,२४०।
२३. ज्ञान ब. महर्जन – पाँगा - ३,१००।
२४. सुरेन्द्र महर्जन – पाँगा - ३,०००।
२५. विदुर डंगोल – पाँगा - ३,०००।
२६. रवि महर्जन – इटाछेँ -३,०००।
२७.तननी विचाः गुठी – तननी -३,०००।
२८. बुद्ध कुमार महर्जन – सतक्व -३,०००।
२९. सानुभाइ महर्जन – सिंद्राः -२,०००।
३०. चन्द्रमान बज्राचार्य – तजाफ -२,०००।
३१. महेन्द्र महर्जन – भरिया पुखु-३ -२,०००।
३२. राजेश महर्जन - भरिया पुखु -२,०००।
३३. गणेशवहादुर महर्जन – नयाँवजार -२,०००।
३४. मंगल देवी – बल्खु -२,०००।
३५. कान्छी बज्राचार्य – सिंद्रा -१२००।
३६. शिवहरी महर्जन – भरिया पुखु - १,१००।
३७. दिलवहादुर महर्जन – भरियापुखु -१,१००।
३८. इन्द्र महर्जन – सानन्नी -३ –१,०५०।
३९. राम महर्जन (कान्छा भाइ) –भरियापुखु -१,०१०।
४०. राममाया महर्जन – ध्वाक्सी -१,०१०।
४१.जोगमान महर्जन – सानन्नी -१,०१०।
४२ इश्वर मान महर्जन – देवढोका -१,०१०।
४३. महेश्वर महर्जन – सानन्नी -१,००२।
४४. नानी मां महर्जन – ध्वाक्सी -१,००१।
४५. ज्ञानलाल श्रेष्ठ - मातंख्यः -१,०००।
४६. गोविन्द महर्जन – चिठू -३ -१,०००।
४७. जन्कु भाइ महर्जन – ध्वाक्सी ३ -१,०००।
४८. चिरीदाइ महर्जन – सानन्नी -३ -१,०००।
४९. राजु महर्जन – सानन्नी -३ -१,०००।
५०.राजेन्द्र/रेना श्रेष्ठ – ध्वाक्सी-३ -१,०००।
५१. नविन श्रेष्ठ – ध्वाक्सी-३ -१,०००।
५२. पुरुषोतम श्रेष्ठ – मातख्यः -४ -१,०००।
५३. कृष्णवहादुर महर्जन – नयाँवजार-३ -१,०००।
५४. द्वारिकानाथ महर्जन – चिठू -१,०००।
५५. देववहादुर महर्जन – तुँभ्वः -४ -१,०००।
५६. विमिशेष महर्जन – नयाँवजार -१,०००।
५७. तुल्सीलाल महर्जन – नयाँवजार -१,०००।
५८.जुजुभाइ महर्जन – नयाँवजार -१,०००।
५९.राजभाइ महर्जन – नयाँवजार -१,०००।
६०. पानविर महर्जन – नयाँवजार -१,०५०।
६१. नरेश महर्जन – नयाँवजार -१,१००।
६२. गोविन्द महर्जन – नयाँवजार - १,०००।
६३. महेन्द्र श्रेष्ठ – ध्वाक्सी -१,०००।
६४.टिकाराम महर्जन –इटाछेँ -१,०००।
६५. पूर्णवहादुर महर्जन – नयाँवजार -१,०००।
६६. कमल महर्जन – नगाउँ -१,०००।
६७. शम्भुराम महर्जन – तःननी -१,०००।
६८. नन्दलाल महर्जन - तःननी -१,०००।
६९ बच्चुराम श्रेष्ठ – ध्वाक्सी -१,०००।
७०. नथूराम श्रेष्ठ –भरियापुखुसी -१,०५०।
७१. बाँला महर्जन - भाजंगः -१,०००।
७२. जितेन्द्र महर्जन – समल -१,०००।
७३. कुमार श्रेष्ठ – ध्वाक्सी-३ -१,०००।
७४. आशरत्न बज्राचार्य –सिंद्राः -१,०००।
७५.कृष्णभक्त महर्जन –भरियापुखु -१,०००।
७६. जितेन्द्र महर्जन – नगाउँ -१,०००।
७७. बिक्कु महर्जन –मुगल्छेँ -१,०००।
७८. ज्ञानवहादुर देउला –ढोकासी -१,०००।
७९. गोकुल ध्वर्जे तामांग –नयाँवजार -१,०००।
८०. दलवहादुर महर्जन –सिंहद्राः -१,०००।
८१. कमला बज्राचार्य –सिंहद्राः -१,०००।
८२. राजमान बज्राचार्य –चिलंचो -१,०१०।
८३. हिरावहादुर महर्जन – मानत्वा -१,०००।
८४.इन्द्रमान महर्जन –तःननी -१,५००।
८५. राम गोपाल महर्जन – तःननी -१,०००।
८६. पञ्चुराम महर्जन – तःननी -१,०००।
८७. कान्छा बाजे महर्जन – तःननी -१,०००।
८८. शेष वहादुर महर्जन – तःननी -१,०००।
८९. श्यामवहादुर महर्जन – -१,०००।
९०. जगतवहादुर महर्जन(तुयू)– -१,०००।
९१. त्रायमान महर्जन – चाफः -१,०००।
९२.शान्ता महर्जन – चाफः -१,०००।
९३. रेनकुमार महर्जन – चाफः -१,०००।
९४.हरिशंकर श्रेष्ठ – चाफः -१,०००।
९५. अशोक महर्जन – चाफः -१,०००।
९६. राम महर्जन – चाफः -१,०००।
९७. ध्रुव महर्जन – चाफः -१,०००।
९८. बज्रमुनी बज्राचार्य – चिलन्चो -१,०००।
९९. हिरावहादुर महर्जन – मानत्वा -१,०००।

अग्नी पीडित परिवारलाई सहयोग गर्न चाहनु हुनेहरूले अग्नी पीडडित राहत सहयोग समितिका संयोजक प्रदिप महर्जन (मो ९८४१५००२५१) मा र कीर्तिपुर सन्देश साप्ताहिकको कार्यालय निखासी कीर्तिपुर (फोन ४३३००७) मा सम्पर्क गर्न सक्नु हुनेछ ।

उज्ज्वल शिशु निकेतन एकेडेमी

शहिदपथ पाँगा, कीर्तिपुर

हार्दिक बधाई तथा शुभ कामना

विगत वर्षहरुमा झै २०६८ सालको एस.एल.सी. परीक्षामा यस विद्यालयका छात्रा सुश्री सलिना महर्जन दक्षिण भेगकै सर्वोत्कृष्ट छात्रा भई हर्ष-रत्न पुरस्कारबाट पुरस्कृत हुनु भएकोले हार्दिक बधाई तथा शुभकामना

सलिना महर्जन

साथै

अन्य मेधावी छात्र छात्राहरूलाई पनि बधाई तथा उच्च शिक्षा सफलताको लागि शुभ कामना

Sujita K.C

Seema Thapa Magar

Shreeya Maharjan

Sijju Maharjan

Sujita K.C

Prakriti K.C

Shristi Bogati

Pranaya Maharjan



Aayush Bhetwal

प्रिन्सिपल

तथा

विद्यालय परिवार

उज्ज्वल शिशु निकेतन एकेडेमी

शहिदपथ, पाँगा, कीर्तिपुर फोन नं.४३३०३००

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा ——— नेपाली भाषा

चुल्या - *कुहिनो*
मिखा - *आँखा*
सँ – कपाल
ल्हाः – हात
छ्यं– टाउको
म्हुतु – मुख
लुसि – *नङ*
ककु – घाँटी
न्हाय् – नाक
ब्वहः – काँध
प्वाः – पेट
खम्पा – तिघ्रा
वा – दाँत
थ्व जिउला ?– यो हुन्छ ?
मजिउ, आम बांलाः मजू -हुँदैन, त्यो राम्रो छैन ।
व छकः बियादिसँ – त्यो एकचोटि दिनुस् ।
थ्व खः ला ?- यो हो ?
आम नापं च्वंगु – त्यो सँगैको अर्को ।
थ्व सिबें दंगु दु ला ? –योभन्दा सस्तो छ ?
छुकियागु दयेका तःगु ? – केबाट बनाइएको हो ?
द्यः लुं सिया तःगु खः ला ? - मूर्ति सुनको जलप लगाएको हो ?
क्रेडिट कार्ड जिउ ला ? – क्रेडिट कार्ड लिनु हुन्छ ?
लिपा वये – पछि आउँछु
हेल्लो, भाजु मान दिइ ला थें ? – हेल्लो, भाजु मान हुनुहुन्छ ?
मदु, पिहां वना च्वन – छैन, बाहिर गएको छ ।
गबले लिहां झाइ ? – कतिखेर फर्कनु हुन्छ ?
मजिउ गबले वइगु जुइ – थाहा छैन, कहिले आउँछ होला ।
थौं नाप मलासें मजिउगु– आज नभेटी नहुने ।
जित फोन याका दिसँ - मलाई फोन गर्न दिनुस् ।
सः भ्याकभुक जुयाच्वन – आवाज भ्याकभुक भइरहेको छ ।
ताये मन्त– सुनियन ।
वा वल– पानी पऱ्यो ।
निभाः त्वल – घाम लाग्यो

फुटवलको स्वर्ण जित्न मेक्सिको र अमेरिका सफल

नवीन महर्जन

गत साउन २८ गते सम्पन्न ३० औं गृष्मकालिन लण्डन ओलम्पिक-२०१२ अन्तर्गत सबैभन्दा लोकप्रिय खेल फुटवल अन्तर्गत पुरुष तर्फ चर्चित टिम ब्राजिललाई २-१ गोलले पराजित गरी मेक्सिकोले प्रथम पटक ओलम्पिक खेलमा स्वर्ण पदक हात पार्न सफल भएको छ। मेक्सिको तर्फबाट जर्सि नं९ का ओरिबी पेराल्टाले दुवै गोल गरेका थिए। उत्कृष्ट प्रदर्शन बाबजुद पनि ओलम्पिकमा ब्राजिलले स्वर्ण पदक जित्ने सपना पूरा हुन सकेन । फुटवलको पावर हाउसको रुपमा चिनिने पाँच पटक विश्वकप हात पार्न सफल ब्राजिलले ओलम्पिकको स्वर्ण पदक अहिले सम्म जित्न सकेको छैन। यस अघि सन १९८४ र १९८८ को ओलम्पिकमा पनि फाइनलमा पुगेको थियो तर जित्न भने सकेको थिएन। सन २००८ को बेइजिङ ओलम्पिकमा ब्राजिल तेस्रो भइ कास्य पदक हात पारेको थियो। ब्राजिलका हुल्कले इन्जुरी समयमा एक गोल फर्काएका थिए तर यस्ले मेक्सिकोको लागि केही असर पार्न सकेन। ब्राजिलको अग्रपंक्तिकै राम्रो र सशक्त थिए तर मेक्सिकोको गोलकिपर र डिफेन्स लाइनलाई ब्राजिलियन स्ट्राइकर ले विट मार्न असफल भएको थियो।

तस्रोस्थानको भएको खेलमा दक्षिण कोरियाले एसियाली प्रतिद्वन्दी जापानलाई २-० गोलले पराजित गरी कास्य पदक हात पारेका थिए। दक्षिण कोरियाको लागि पार्क चु योङ र कप्तान कु जान जोले १/१ गोल गरेका थिए । ओलम्पिक इतिहासमा दक्षिण कोरियाको लागि फुटवलमा यो पहिलो पदक थियो ।

ओलम्पिकमा फाइनल चरणको लागि कुल १६ टिमले सहभागीता जनाउने परम्परा छ जस अन्तर्गत युरोपबाट ४ टिम, एसिया र अफ्रिकाबाट ३/३ टिम दक्षिण अमेरिका र उत्तर अमेरिकाबाट २/२ टिम १ टिम १ टिम ओसेनियाबाट भने १ टिम एसिया र अफ्रिका विच प्ले अफबाट छनौट हुने गरिन्छ।

यसपल्ट ओलम्पिकमा सहभागी १६ टिमलाई यसरी समूह विभाजन गरेका थिए।

समूह (क) बेलायत, सेनेगल, युएई र उरुग्वे।

(ख) मेक्सिको, दक्षिण कोरिया, गावन र स्विट्जरलैण्ड

(ग) ब्राजिल, इजिप्त, बेलारुस र न्युजिल्याण्ड

(घ) स्पेन, जापान, होन्डुरस र मोरक्को।

ओलम्पिकको इतिहासमा सन १८९६ र १९३२ को ओलम्पिकमा वाहेक अहिलेसम्म फुटवल खेल समावेश गरिएको छ।

समूह चरणको खेल लिग चरणबाट प्रारम्भ भइ उत्कृष्ट २/२ टिम क्वार्टर फाइनलको लागि छनोट हुने त्यसपछिको खेल नकआउटको आधारमा खेलाईने प्रावधान रहेको छ। युरोकप र विश्वकप जित्न सफल स्पेन लिग चरणबाट बाहिरिएको थियो। सेमिफाइनलमा जापान लाई पराजित गरी मेक्सिको फाइनलमा पुगेको थियो भने ब्राजिलले दक्षिण कोरियालाई हराई फाइनल पुगेका थिए। स्मरणहोर दक्षिण कोरियाले क्वाटर फाइनलमा आयोजक ब्रिटेनलाई पेनाल्टी मार्फत पाखा लगाएका थिए ।

त्यसैगरी महिला फुटवलमा डिफेन्डिङ च्याम्पियन जापानलाई पराजित गरी अमेरिकाले स्वर्ण हात पार्न सफल भएको थियो।

लिग चरणमा उत्कृष्ट प्रदर्शन गर्दै महिला फुटवलको क्वाटर फाइनलमा ब्राजिल र जापान, फ्रान्स र स्विडेन, अमेरिका र न्युजिल्याण्ड तथा क्यानाडा र ब्रिटेन विच खेल भएका थिए । जस्मा जापान, फ्रान्स, अमेरिका र क्यानाडा सेमिफाइनलमा पुगेका थिए। तेस्रो स्थानको लागि भएको खेलमा क्यानाडाले फ्रान्स लाई पराजित गरेको थियो ।

यो ओलम्पिक आयोजक ब्रिटेनको लागि सबभन्दा उत्कृष्ट ओलम्पिक एवं सफल ओलम्पिक को रुपमा रहेको छ। ओलम्पिक इतिहासमा सबभन्दा बढी पदक जिती तेस्रो स्थानमा पुग्न सफल भएको छ। ओलम्पिक उद्घाटन जस्तै यसको समापन पनि भव्य थियो । ब्रिटेनका चर्चित सांगितिक स्टारहरुले समापन कार्यक्रमलाई शानदार बनाइएको थियो । लण्डनबाट विदा लिइ सन २०१६ मा ब्राजिलमा भेट्ने वाचा गरी यो लण्डन ओलम्पिक २०१२ सम्पन्न भएको छ।

अन्तिम पदक तालिका यस प्रकार रहेका छन । स्वर्ण जित्ने सर्वोत्कृष्ट १० देशहरू

१.अमेरिका - ४६
२.चीन - ३८
३.ब्रिटेन - २९
४.रूस - २४
५.दक्षिण कोरिया-१३
६. जर्मनी - ११
७. फ्रान्स - ११
८. इटाली - ८
.९.हंगेरी - ८
१०.अस्ट्रेलिया - ७

मंगल बहुमुखी क्याम्पसमा रक्तदान उत्प्रेरणा तालिम

मंगल युथ रेडक्रस सर्कलद्वारा २०६९ श्रावण २५ गते बिहिबार आफ्नै प्राङ्गनमा प्रवेश शाक्यको संयोजकत्वमा रक्तदान उत्प्रेरणा तालिम सञ्चालन गरियो । हालै मात्र तदर्थ समिति गठन गरी मंगल युथ रेडक्रस सर्कलले भदौ २ गते मंगल बहुमुखी क्याम्पसमा हुन गईरहेको रक्तदान कार्यक्रमलाई केन्द्रित गरी यस कार्यक्रमको आयोजना गरिएको थियो।

उक्त तालिममा २७ जना सहभागिहरूलाई लक्ष्मीकुमारी महर्जन, रिना शाही, संघरत्न शाक्य र रक्तसंचार केन्द्र काठमाडौंका वरिष्ठ अधिकृत अनिल महर्जनद्वारा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो। यस कार्यक्रमको समापनमा प्रमुख अतिथि मंगल बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष प्रा. डा. शिवशरण महर्जन, अतिथि ने.रे.सो. कीर्तिपुर उपशाखाका सल्लाहकार श्री आकर्षण प्रधान, अतिथि ने.रे.सो कीर्तिपुर उपशाखाका सभापति हर्षमान महर्जन, अतिथि रक्तसंचार केन्द्रका अनिल महर्जनका साथै मंगल बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख प्रदीप महर्जनको सहभागितामा समापन कार्यक्रम सम्पन्न गरियो। उक्त समापन कार्यक्रममा ने.रे.सो. कीर्तिपुर उपशाखाबाट कीतिपुर का आगलागि पिडित परिवार को लागि राहत सामाग्री पनि प्रदान गर्नुभयो । उक्त समापनमा प्रमुख अतिथि प्रो. डा. शिवसरण महर्जनद्वारा सहभागीहरूलाई प्रमाण पत्र वितरण गरी सहभागीहरूमा कीर्तिपुरमा भरखरै घटेको आगलागिको घटनालाई प्रस्तुत गर्दै त्यस्ता घटनाबाट पिडित व्यक्तिहरूलाई सेवा गर्ने कार्यमा लाग्नुका साथै आफूले रगतको महत्वबारे सिकेको कुरा अरुलाई सिकाउन र आफ्नो जिवनमा पनि लागु गर्न उत्प्रेरणा प्रदान गर्नु भयो भने क्याम्पसका क्याम्पस प्रमुख तथा यस कार्यक्रमका सभापति श्री प्रदिप महर्जनद्वारा आफ्ना विद्यार्थीहरूलाई आफ्नो क्याम्पसमा मात्र सिमित नरही आफ्नो समाजको लागि पनि कार्य गर्न आग्रहका साथै बधाइ ज्ञापन गर्नुभयो।

कीपू युथ रेडक्रस सर्कलद्वारा रक्तदान उत्प्रेरणा तालिम

रिद्धि भन्सारी

नेपाल रेडक्रस सोसाईटी कीर्तिपुर उपशाखा अन्तर्गत रहेको कीपू युथ रेडक्रस सर्कलद्वारा २०६९ श्रावण २७ गते शनिबार हिलटाउन स्कुलमा कीर्तिपुरका युवा वर्गलाई लक्षित गरि विभिन्न संघ संस्थाका २३ जना प्रतिनिधिहरूलाई रक्तदान उत्प्रेरणा तालिम प्रदान गरियो ।

उक्त तालिमका संयोजक रिडी भन्सारीको संयोजकत्वमा लक्ष्मी कुमारी महर्जन, कविन्द्र कार्की, रिना शाही, र रक्तसंचार केन्द्र काठमाडौंका वरिष्ठ अधिकृत अनिल महर्जनले सहजकर्ताको भूमिका निर्वाह गर्नुभयो।

संयोजक भन्नुहुन्छ कीर्तिपुरमा तुलनात्मक रुपमा रक्तदाताहरूको संख्या पहिलेको तुलनामा वढ्दोक्रममा छन् तर आवश्यकताको अनुपातमा र गतको मागलाई परिपूर्ती गर्न सकिरहेको छैन । त्यसैले रगत संकलनमा रक्तदाताको संख्यामा बृद्धि गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिएको हो।

उक्त कार्यक्रमको समापन कार्यमा कीपू युथ रेडक्रस सर्कलका सभापति सन्तोष महर्जनले सभापतित्व ग्रहण गर्नुभयो भने प्रमुख अतिथि नेपाल रेडक्रस सोसाईटी कीर्तिपुर उपशाखाका सल्लाहकार आकर्षण प्रधान, अतिथि ने.रे.सो कीर्तिपुर उपशाखाका सभापति लगायत अन्य अतिथिहरूको उपस्थिति रहयो। जसमा प्रमुख अतिथि आकर्षण प्रधानले सहभागी – हरूलाई प्रमाणपत्र प्रदान गर्नुका साथै अहिलेको युवा वर्गलाई सामाजिक कार्यमा लाग्न आग्रह गर्नु भयो भने यस कार्यक्रमका सभापति सतोष महर्जनले सहभागी– हरूलाई बढाई तथा धन्यबाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभयो।

थुनुवाको डायरी–५४

२०६७/०८/२४ शुक्रबार पैंसाठी दिन

आज म अलि बढीनै सुतेछु क्या रे। हिजो बेलुका नम्बर लाग्नु अगाडिनै सुतेको थिएँ । राती २.३० बजे उठेर पिशाव फेर्न गएको थिएँ। अहिले उठ्दा ४.३० भयो । नित्यकर्म गरेर डाँडामा गएर एउटा चुरोट पिएँ। कोठामा आएर कफी बनाएर पिएँ । आजकल मेरो चिनी कन्ट्रोल भयो होला। अस्तिजस्तो राती उठेर तीन चारचोटि पिशाव फेर्न जानु परेन। त्यो पनि जाडो महिनाको लामो रातमा। अब मैले पिशाव त जतिवेर सम्म पनि थाम्न सक्ने भएँ।

हरेक कुरोमा परिवर्तन हुँदा त्यो परिवर्तनलाई अंगाल्न अलि गाह्रो नै हुँदोरहेछ। त्यसले वातावरणमा पनि प्रभाव पार्दोरहेछ। आज ४.४५ सम्म पनि चर्पि सफा गरेको छैन । सफाई भाइनाईके सानुबाबु विरामी परेको छ। उसले काम गर्न सकेन। सफाई सहनाईके गोपाल एक्लै छ। उसले भ्याएको छैन।

आज पनि आकाश खुल्ला छ। कीर्तिपुर डाँडामा बत्ती बलेको देखिन्छ । मैले बाघभैरव, आदिनाथ, जल विनायक, इन्द्रायणी, उमामहेश्वर, सिद्धिगणेश, बीष्णुदेवी र बालकुमारी सबैलाई मनमनै प्रणाम गरें। अनि यहाँ भित्रका सम्पूर्ण देवी देवताहरूको दर्शन गरेर आएँ। अहिले सात गाउँको जात्रा चलिरहेको छ। यो जात्रा हेर्न पाउने हो कि होइन। गाउँमा हुने प्रत्येक जात्रा पर्वले मेरो मुटु छिया छिया पारिदिन्छ। फेरि यो १७ नं. पुनरावेदनले मलाई झन पिडा थपिदिएको छ । हरेक शुक्रवार पेशी तोक्छ तर बहस नै हुँदैन । शुक्रवार छुट्न पायो भने यो मेलामा जान्छु यो भेलामा जान्छु भन्ने मनमा कल्पना हुन्छ। जव छोराले पेशी सऱ्यो भन्ने खबर ल्याउँछ म निराश हुन्छु । फेरि अर्को शुक्रवारको प्रतिक्षामा बस्छु। यो पेशीको दिन नजिक आयो भने भेटघाटमा आउने पनि कम हुन्छ। किनभने सबैजनाको एउटै विचार हुन्छ छुटिहाल्छ घरमै गएर भेटुंला । आज पनि शुक्रवार । यो मेरो पाँचौं पटकको पेशी हो। सबैजना भन्छन बहस भयो भने म छुटछु। ममाथि लगाईएको आरोप केवल आरोप मात्र हो। आरोप मात्रै त हो नि। बाहिरी दुनियाँबाट बच्न मैले उनीहरूलाई जुन हतियार प्रयोग गर्न सिकाएको थिएँ। आज तिनीहरूले त्यो हतियार ममाथि नै प्रयोग गरे।

पाँगा घरमा केटीहरूमात्र बस्छन्। त्यहाँ बस्न उनीहरू डरएका थिए । डराउनु पर्दैन । तिमीहरू साना बच्चाहरू होइनौं । कसैले केही गर्न आए प्रतिकार गर । आवाज देउ । गुहार माग । यो टोल मेरो जन्मस्थान हो। यो टोलमा मेरा दाजुभाइहरू बस्नु हुन्छ। तिमीहरू मेरा छोरीहरू हुन भनेर सबैलाई थाहा छ । तिमीहरूलाई कसैले केही गरे सबैले मद्दत गर्नेछन्। केटाहरूले जिस्क्याए गाला चडकाई दिनु । तिमीहरूलाई बलात्कार त के छातीमात्र छोयो भनेपनि प्रहरीमा जाहेरी दिएपछि उसलाई छ महिनाको जेल सजायँ हुनेछ । मेरो यही सल्लाहलाई उनीहरूले मैले घरबाट निकालेपछि ममाथि नै प्रयोग गरे। महदेवले भष्मासुर दैत्यलाई तिमीले जे छुन्छ त्यो चीज भष्म हुन्छ भनेर वर दान दियो। भष्मासुरले महादेवलाई नै छुन खोज्दा महादेव भागी भागी हिंडनु पऱ्यो । रुप परिवर्तन गरेर सानो प्वालमा लुक्न बाध्य भयो। म भद्रवन्दी गृहमा बस्नु परेको छ । महादेवलाई त भगवान वीष्णुले बचायो। मलाई कसले बचाउँछ ?

आज मेरा बच्चाहरूले पनि आफ्नो भविष्यको ख्यालै नगरी अर्काको लहैलहैमा लागेर क्षणिक आवेशमा आएर ममाथि झूठो आरोप लगाए। उनीहरूको बाबु बाज्ये समान मान्छे म । मलाई बुबा डैड भनि नथाक्ने ती बच्चाहरूले सबै नाता बिर्सेर आफू बच्नको लागि मलाई फसायो । मानिस कति स्वार्थी हुँदा रहेछन्। आफ्नो एउटा गल्ति ढाकछोप गर्न उनीहरूले जुन झूठ बोले त्यसले उनीहरूको भविष्य नै चौपट पारे। उनीहरूको स्कुल छुट्यो। उनीहरूले अदालतमा बकपत्र नगरेसम्म मात्र संरक्षण दिन्छ। त्यसपछि बाहिर निकालि दिन्छ। अब कसले पाल्छ ? पाँगा घरमा राख्दा नै मैले नियम बनाइ दिएको थिएँ । मसँग नसोधिकन धेरैबेर सम्म कहिं जान पाईंदैन। बेलुका ८ बजेपछि घरबाट कहिं बाहिर जान पाईंदैन । कुनै केटाहरूसँग लागेको थाहा पाएँ भने एक मिनेट घरमा राख्दिन । निर्मला र सविताको केटा साथी छ भन्ने मैले थाहा पाएँ। सविताको मोबाईलमा 'आई लव सविता' भन्ने एसएमएस नै भेट्टाएँ । निर्मलालाई नरेश वटालासँग तीजमा घुमेर आएको देखें । अब तिमीहरूलाई यो घरमा नराख्ने भनेर घोषणा गरेपछि आफ्नो गल्ति ढाकछोप गर्न उनीहरूले ममाथि यत्रो जघन्य अपाराधको झूठो आरोप लगाए। मलाई लाग्छ उनीहरूलाई पनि संस्थाले फसाईएको छ । मैले उनीहरूलाई त्यस्तो नराम्रो केहि गरेकै छैन। उनीहरू मलाई 'ओ डैड' भनेर अंगालो मार्न आउँछन् । उनीहरूले आफ्नो प्रत्येक खुशीयाली प्रकट गर्न मलाई अंगालो मार्ने गर्छन्। त्यतिबेला म भन्ने गर्थें 'यसरी अंगालो हाल्ने नगर्नु। त्यतिबेला उनीहरू भन्ने गर्थे, "बाबुलाई अंगालो मारेर के हुन्छ ?" यस्तो भन्ने केटीहरूले मैले उनीहरूको संवेदनशील अंग चलायो भनेर आरोप लगाए। कस्तो लाज नभएका केटीहरू । आज उनीहरूले प्रेममा अन्धो भएर मर्यादाको सीमा उल्लंघन गरे। रामायणमा पनि लक्ष्मणले लगाई दिएको रेखाबाट बाहिर आउँदा सीता रावणबाट अपहरित भइन्। त्यसैको कारण सीताले रामसँग र म्री दाम्पत्य जीवन बिताउन पाइनन्। आखिरमा धरतिमा विलिन हुनुपऱ्यो । अब ती बच्चाहरूको भविष्य चकनाचूर हुने भयो।

५.५५मा नम्बर खुल्यो । विस्कुट लिएर होटलमा गएँ। चिया र विस्कुट खाएँ । बाहिर घुम्दै ओमशान्तिमा गएँ । आज पनि नवराज भाइजी आउनु भएको छ। उहाँले मुरली सुनाउनु भयो। आजको मुरलीको सार यस्तो छ – यो मृत्युलोक हो। मृत्युलोकबाट अमरलोकमा जाने यो संगमयुग हो। छिट्टै यो संसार भश्मीभूत हुन लागेको छ त्यसैले पवित्र बनेर पक्का वैष्णव बन्नु छ। त्यसैले खानपानमा पनि परहेज गर्नु पर्दछ।

मुरली सुनेर कोठामा आएँ। आज मलाई बीस वर्ष पहिलेको कुरा याद आइरहेको छ। त्यतिबेला म जवान थिएँ। चालीस वर्षको उमेर, पाकेटमा भनेजति पैसा थियो। जवान जवान केटीहरूको संगत थियो। १८ देखि २२ वर्षका केटीहरू नीलम, सुशीला दुवैजनालाई एउटै मोटरसाइकलमा राखेर पर्सा जिल्लाको गण्डक नहरको कच्ची बाटो भएर ५० किलोमिटर जाने आउने गर्थें । कहिले टीना र शान्तालाई राखेर जान्थें। अझ पार्टीको काममा गाउँ गाउँ जाँदा एउटै कोठामा उनीहरूसँग लाइन लागेर सुत्थें। कहिल्यै पनि मैले उनीहरूको जिउसम्म छोइन। त्यसैले त वास बस्नु पर्ने ठाउँमा जानुपऱ्यो भने महर्जन दाइसँग भए जाने नत्र अरूसित नजाने भन्छन । सर स्वती, शुभद्रा, रूकू कति कति केटीहरूले मलाई अभिभावक ठान्छिन्। मैले यौन दुराचारीको आरोप खेप्नु परेन। ती केटीहरूले आजसम्म मलाई दाइ भनेर सम्मान गर्छन। त्यसैले त अस्ति नीलम र लक्ष्मी मलाई भेट्न आउँदा भनेकी थिइन, "स्वयं भगवान आएर नजरराम यौन दुराचारी हो भन्न आएपनि हामी विश्वास गर्दैनौं। आफूभन्दा ठूलो प्रमाण अरू के चाहियो ?"

आज यस्तो बुढेशकालमा नक्कचरी केटीहरूको कारण झूठो आरोपमा बन्दी जीवन बिताउनु परिरहेको छ। ९.४५ बज्यो। म औषधी खान बाहिर गएँ। मिलन गुरुंगसँग भेटें। उसैले भन्यो, मैले इन्स्पेक्टरलाई भनिसकेको छु। पर्सि १२ बजेतिर तपाईंलाई अदालत लैजान्छ होला ।" आजको पेशी सऱ्यो अथवा १७ नं ले जिल्ला सदर गऱ्यो भने पर्सि मलाई उसको सहयोग चाहिन्छ। साक्षीहरूले के के बोल्यो त्यो म आफ्नै कानले सुन्न चाहन्छु नत्र त्यहाँ मेरो कुनै काम छैन । मलाई देखेपछि साक्षीहरूको मन फेरिन्छ कि !

आज १०.१५ मा खाना खाएर औषधी खान गएँ। अब त अस्पतालमा खाना खाइसकें भनेपछि ठयाक्कै औषधी दिन्छ।

आज मलाई घरी घरी पेशीको याद आइरहेको छ। आज म तारिखमा छुट्न पाए हुन्थ्यो । आज बाहिर जान पाए त मैले जात्रा हेर्न पाउनेछु । कति रमाइलो हुन्छ। यही सम्झनाले मेरो मन छटपटाई दिन्छ । मैले ती बच्चाहरूलाई संस्थाको मात्र बच्चा ठानेको भए आज मेरो यो हालत हुने थिएन । मैले भावनात्मक रूपले नै आफ्नो छोरी ठानी व्यवहार गरेको नै मेरो सबैभन्दा ठूलो भूल हुन गएछ । अर्काको छोरी कहिल्यै आफ्नो हुन सक्दैन भन्ने प्रमाणित गरिदिए।

म कोठामा बसेर "जिन्दगीका डोबहरू" लेखिरहें । आज मेरो नाम माईकबाट चाँडै नबोलाओस भन्ने मेरो चाहना थियो । आज पनि पेशी सऱ्यो भने चाँडै खबर गर्न आउँछ । पेशी बहस भयो भने अबेर खबर आउँछ। जेहोस आज फैसला होस चाहे जिल्ला सदर होस या सामान्य तारिखमा छाडोस। यसरी प्रत्येक शुक्रवार तनावमा विताउनु नपरोस।

ठिक १ बजे माईकबाट मेरो नाम बोलायो। ल आज पनि पेशी सऱ्यो होला भनेर विस्तारै ढोकामा गएँ। बाहिर हेरेको त सालिकराम आएको रहेछ। उसँग भेट्न गएँ । दुई महिनासम्म पनि म बाहिर ननिस्केर उसलाई चिन्ता लागेछ । बाहिर मानिसहरूले विभिन्न ठाउँमा विभिन्न हल्ला चलाईरहेका छन । कसैले १५ वर्षको जेल सजायँ भैसक्यो भन्छन। कसैले ६ वर्ष मुद्दा हान्यो भन्छन। गाउँका मानिसहरू कहिल्यै मुद्दा मामिलामा नफसेकाहरूलाई के थाहा ? मैले सालिकरामलाई सबै कुरो सम्झाएर पठाएँ । ऊसँग कुरा गरिरहेको बेलामा पनि मेरो आँखा छिन छिनमा मूलगेटतिर गैरहेको छ। कोही पनि आएन। छिटो कुरा सिद्धयाउनु भनेर कर एपछि हामी उठेर आयौं।

आज होटलमा के बनाएको छ हेर्न गएँ। सेकुवा बनाएको रहेछ। एक प्लेट सेकुवा लिएर चिउरासँग खाएँ। २.३० भयो अब मलाई कोठामा बसिर हन मन लागेन। किताब लिएर बाहिर गएँ। चौरमा बसेर पढन लागें। मेरो आँखा कितावमा, कान माईकमा र हृयो । माईकबाट लगातार नाम बोलाईरहेको छ। तर त्यसमा मेरो नाम छैन न शिव मल्ल ठकुरी न परशुराम खडकाकै नाम लियो। आज १७ नं मा हामी तीनैजनाको पेशी थियो। जति समय बित्दै गयो मेरो मुटुको धडकन बढन थाल्यो। छिन छिनमा डाँडामा गएर चुरोट पिउँदै गएँ।

३.३० बजे शिव मल्ल ठकुरी भेट्यो। केही खवर आयो कि भनेर सोधें। केही खवर आएको छैन भन्यो । परशुरामको पनि कुनै खवर आएको छैन भन्यो। के भयो भोलि थाहा पाइहाल्छ नि, जे हुन्छ हुन्छ नि भनेर निश्चिन्त छ ऊ। ममात्र किन चिन्ति हुने ?

कोठामा आएँ। गार्ड सहनाईके शिव बुढाथोकीले फोन गर्ने हो भनेर सोध्यो । मैले पर्दैन भनें। ४.३० देखि ५.०५ बाहिर घुमें। औषधी खाएँ। खाना खना गएँ। ७.१५ मा ओमशान्तिमा गएँ । आज किशोर गुरुंगले मुरली पढेर सुनायो। ९.३० बजे म सुतें।

लँ च्वना दिसँ

जनकवि दुर्गा लाल श्रेष्ठया च्वसाय् गुज्जे मालाकारया लसय् नेवाः म्ये म्यूजिक भिडियो "झी नेवाः" मंगल उच्च मा.वि. किपूया स्वर्ण जयन्तिया लसताय् थ्वहे ला दुने पिथने त्यंगु दु । पिकाकः मंगल उच्च मा.वि, किपू –३

नयाँ शो रूम खुल्यो

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सले अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स नयाँबजार, फोन ४३३१०७८

बार्षिक २ सय रुपैंयामा ग्राहक बनौं
कीर्तिपुर सन्देश अफ्नै घरमा बसेर पढौं
कीर्तिपुर र देशको समाचार तपाईको कोठामा

सम्पर्क
कीर्तिपुर सन्देश साप्ताहिक फोन
४३३३००७/९८४१४०१०७७

जनसेवामा हर्ष-रत्न र मण्डला पुरस्कार वितरण

गत साउन २७ गते शनिवार जनसेवा उच्च मा.वि. पाँगामा एक कार्यक्रम गरी सोह्रौं हर्ष-रत्न र बाह्रौं मण्डला सिरपाः २००० लगायत विभिन्न पुरस्कार वितरण तथा बधाई दिइयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधवलाल महर्जनको सभापतित्वमा पूर्व राज्यमन्त्री दिलिप महर्जनको प्रमुख अतिथिमा विशेष अतिथि प्रा.डा. विद्यानाथ कोइराला रहनु भएको थियो ।

प्राचार्य नन्दकुमारी महर्जनले स्वागत मन्तव्य दिंदै उक्त विद्यालयमा ७३ जिल्लाका ८२५ जना विद्यार्थीहरूले अध्ययन गरिरहेको जानकारी दिनु भएको थियो । जनसेवा उच्च मा.वि.मा विभिन्न २६ वटा पुरस्कारहरू दाताहरूले राख्नु भएको बताउनु भयो ।

सो अवसरमा कीर्तिपुर क्षेत्रमा सामुदायिक विद्यालय तर्फबाट सर्वोत्कृष्ट हुन सफल एक छात्र र एक छात्रालाई दिइने हर्ष पुरस्कार यसपाली वैष्णवी मा.वि.का छात्र रोजेन महर्जन ८६.५ र आदिनाथ मा.वि.का छात्रा रिना कार्की ८६.२ प्रतिशतलाई जनही रु.२५००। प्रदान गरियो ।

त्यस्तै रत्न पुरस्कार संस्थागत तर्फबाट छात्र क्रिएटिभ एकेडेमीका सुविक श्रेष्ठ ९०.१३ र रार हिल स्कुलका मृनाल भुषाल ९०.१३लाई रु.१२५०। जनही प्रदान गरियो । छात्रामा उज्ज्वल शिशु निकेतनका सलिना महर्जन ९१.३८ लाई रु.२५००। प्रदान गरियो ।

सामुदायिक र संस्थागत तर्फबाट सर्वोत्कृष्ट हुने एक एक जनालाई पुरस्कार दिइने मण्डला शिर पाः यस वर्ष सामुदायिक विद्यालय तर्फ रोजेन महर्जन र संस्थागत तर्फ एपीएफ स्कुल गोदामचौरका चेतन ओली ९२.२५ लाई प्रदान गरियो । विरञ्ची मोतिमाया पुरस्कार– त्यस विद्यालयबाट नियमित एसएलसी परीक्षामा त्यस विद्यालयबाट सर्वोत्कृष्ट अंक ल्याउने एक छात्रा र एक छात्रालाई दिइने पुर स्कार यस वर्ष छात्रा तर्फ वर्षा तामांग र छात्रतर्फ शैलेन्द्र कुमार धानुकलाई जनही नगद रु.१५००। पुरस्कारदाता त्यस विद्यालयका भू.पु.प्र. अ. बुद्धशरण मानन्धरले प्रदान गर्नुभयो । डिट्ठा नरवहादुर न्हुच्छे थकुं पुरस्कार – त्यस विद्यालयका छात्रछात्राहरू मध्ये सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई दिइने पुरस्कार यसवर्ष विशिष्ट श्रेणीमा पास हुने छात्रा वर्षा तामांगलाई रु.१२००। नगद र प्रशंसा पत्र पुरस्कार दाता चन्द्रशेखर डंगोलले प्रदान गर्नुभयो ।

त्यस्तै गणित विषयमा सर्वोत्कृष्ट ९१ अङ्क प्राप्त गर्न सफल वर्षा तामांगलाई रमेश महर्जन स्मृति अर्न्गत पलाः फ्रेण्डस एसोसिएसनबाट पुरस्कार प्रदान गरियो ।

एस.एल.सी. परीक्षामा शतप्रतिशत विद्यार्थीहरूलाई उतीर्ण गराउन सफल हुने शिक्षकहरू श्री खगराज जोशी-नेपाली, श्री राम शंकर महर्जन– स्वास्थ्य, जनसंख्या तथा वातावरण, शिक्षिका सानु कुमारी भण्डारी–कार्यालय संचालन तथा लेखा) लाई प्रा.डा.विद्यानाथ कोइरालाले प्रशंसा पत्र प्रदान गर्नु भएको थियो । मन्तव्यको क्रममा प्रमुख अतिथि दिलिप महर्जनले अहिले हामी नयाँ नेपालको निर्माणमा छौं । शिक्षा क्षेत्रमा विकास नभएसम्म नयाँ नेपाल बन्न सक्दैन । शिक्षा क्षेत्रको विकासमा जनसेवा उ.मा.वि.ले ठूलो योगदान पुऱ्याइरहेकोमा प्रशंसा गर्नुभयो । अर्का अतिथि प्रा.डा. विद्यानाथ कोइरालाले शिक्षकले विद्यार्थीलाई कसरी पढाउँदा विद्यार्थीले बुझ्न सक्छ भन्नेमा ख्याल गर्नु पर्ने सल्लाह दिनुभयो

सभापतिको आशनबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधवलाल महर्जनले शिक्षा क्षेत्रमा कीर्तिपुरका विद्यालयहरूले धेरै राम्रो स्तरिय शिक्षा प्रदान गरिरहेको जानकारी दिनुभयो । यसपालीको एस एलसी परीक्षामा काठमाडौं दक्षिण भेगिय सामुदायिक तथा संस्थागत विद्यालयहरूले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताउनु भयो ।

नगां ज्ञानमाला भजन खलः द्वारा सम्मान कार्यक्रम

गत श्रावण २५ गते कृष्ण जन्माष्टमीको दिन बेलुका नगां ज्ञानमाला भजन खलःले एस.एल.सी. २०६८ मा उतीर्ण हुन सफल कीर्तिपुर नगरपालिका वडा नं.१६ नगांमा स्थायी घरवास गरी बसेका विद्यार्थीहरूलाई एक कार्यक्रम गरी कदर पत्र र बुद्धमूर्ति उपहार प्रदान गरी सम्मान गरिएको छ ।

नगां ज्ञानमाला भजन खलः नगांका अध्यक्ष धनबहादुर महर्जनको सभापतित्वमा नेपाल कपडा तथा सिलाई व्यवसायी संघका अध्यक्ष विद्युत बज्राचार्यको प्रमुख आतिथ्यमा संचालन भएको उक्त सभामा समाजसेवी, मानवअधिकारकर्मी एवं जनसेवा उच्च मा.वि.का प्राचार्य नन्दकुमारी महर्जन, समाजसेवी, नेपालभाषा सेवी एवं कीर्तिपुर सन्देश साप्ताहिकका प्रकाशक नजरराम महर्जन, लुम्बिनी कपिलवस्तु विश्व अभियानका सेक्रेटरियट सदस्य, प्रशान्त क्षेत्रिय संयोजक, हिलारी तेन्जिङ केन्द्रका अध्यक्ष, बाबुराजा महर्जन र जापानबाट कृषि तथा वातावरणमा पिएचडी गर्नुभएका गौरी महर्जन, भजन खलःका संस्थापक अध्यक्ष नरवहादुर महर्जन, वृद्धसेवा समिति १६ वडाका अध्यक्ष हीरा डंगोल, भजन खलःका उपाध्यक्ष एवं ज्ञानमाला केन्द्रिय सदस्य अष्टवहादुर डंगोल, कार्यक्रम संयोजक वेखाराम महर्जन, नगां भजन खलःका सचिव विश्वराज महर्जन, उपाध्यक्ष द्वय भिमसेन महर्जन र सन्तोष महर्जनले अतिथिको आशन ग्रहण गर्नु भएको थियो ।

प्रमुख अतिथिले पानसमा बत्ती बाल्नु भइ कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । विश्वराज महर्जनले स्वागत मन्तव्य दिनुभएको थियो । स्वागत गान चेतना, शकुन्तला, दिलकुमारी, नानी, लक्ष्मी, घनस्याम, हेरामोती, तुइसिलि आदिले गाउनु भएको थियो । संयोजक बेखाराम महर्जनले कार्यक्रम सम्बन्धी जानकारी दिनु भएको थियो ।

बृद्ध सेवा समिति १६ वडाका अध्यक्ष हीरा डंगोलले पनि मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा विद्युत वज्राचार्य, नन्दकुमारी महर्जन, नजरराम महर्जन, बाबुराजा महर्जन र गौरी महर्जनलाई भजन खलःका पदाधिकारीहरूद्वारा खादा ओढाई, फूलको गुच्छा अर्पण गरी, बुद्ध मूर्ति उपहार प्रदान गर्नु भै सम्मान गर्नु भएको थियो । सो अवसरमा सम्मानित व्यक्तित्वहरूले आ-आफ्नो धारणा राख्नु भएको थियो ।

त्यसपछि एस.एल.सी. २०६८ उतीर्ण विद्यार्थीहरूलाई भजन संरक्षक नरवहादुर महर्जनल- टीका, दही सगून- अष्टवहादुर महर्जन, फूलको गुच्छा- लिला माली, खादा- नन्दकुमारी महर्जन, बुद्धमुर्ति- हीरा डंगोल, क्यालेन्डर- धनवहादुर, डायरी कलम- बाबुराजा महर्जन, किताव- नजरराम महर्जन र किताव- गौरी महर्जनले प्रदान गरी सम्मान गरिएको थियो ।

उपाध्यक्ष अष्टवहादुर महर्जनले कार्यक्रममा उपस्थित हुनुभएका, आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यवाद दिनु भयो । सभापति धनवहादुर महर्जनले आफ्नो मन्तव्य सहित सभा विसर्जन गर्नुभयो । त्यसपछि सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरि एको थियो ।

१६ वडाका एस.एल.सी. उतीर्ण हुने २८ जना मध्ये पहिला, दोस्रा र तेस्रा हुनेलाई उर्जा इन्जिनियर सुगम महर्जनले उपहार प्रायोजन गर्नु भएको थियो । त्यस्तै चिट्ठाद्वारा पहिला, दोस्रा र तेश्रा हुनेलाई उपहार दिन पहिलोलाई कलेज ड्रेस- काठमाडौं टेलर्स, प्रो.धर्म महर्जन, दोस्रोलाई ट्राक सूट- ओसोनिक टेलर्सका प्रो. न्हुच्छे वहादुर, तेश्रोलाई डिजिटल घडी-महर्जन वाच प्रो कृष्ण भक्तले प्रायोजन गर्नु भएको थियो ।

उक्त कार्यक्रममा वृद्धसेवा समितिको अक्षयकोषको लागि प्रमुख अतिथि विद्युत बज्राचार्यज्यूले रु.दस हजार सहयोग गर्नु भएको थियो । त्यस्तै सम्मानित व्यक्तित्व गौरी महर्जनले रु अस्सी हजार बृद्ध सेवा समितिको अक्षय कोषमा सहयोग गर्ने वचन दिनु भएको थियो ।

समाजसेवी मालीले बृद्धसेवा समितिको अक्षयकोषको लागि मञ्चमा आउनु भै नगद दश हजार प्रदान गर्नु भएको थियो ।

पहिला पहिला प्रत्यक्ष रुपमा कीर्तिपुरवासीले दर्शन पाएका बाघभैरव

विनोद श्रेष्ठ

भैरब हिन्दू र बौद्धमार्गी दुवै सम्प्रदायले पूजा गरि मनाउने देवता हो। हिन्दूहरूले भैरबलाई महादेवको हिंस्रकको रुपमा मानिन्छ भने बौद्धहरूले अक्षम्यको रुपमा मान्ने गरिन्छ । यसरी हिन्दू धर्म अनुसार महादेवको अर्को क्रोधित तथा अत्यन्त पराक्रमिको स्वरुप भैरब हो भने जंगलको एक अत्यन्त बलियो प्राणी बाघ हो । यी दुवैको संयुक्त रुपमा तीन वटा आँखा भएको बाघको मुखाकृति स्वरुप स्थापना गरि पूजा अर्चना गरि आएका कीर्तिपुरको आराध्यदेवता नै बाघभैरब देवता हो। (प्रयागमान प्रधान, कीर्तिपुरको बाघभैर व नृत्य, कीर्ति अध्ययण तथा अनुसन्धान मण्डल, पृ ७)

बाघ भैरव कीर्तिपुरको इस्त देवता हो । यो देवतालाई धुम्बा आजु पनि भन्ने गरिन्छ। बाघ भैरव दुई वना शब्द बाघ र भैरव मिलेर बनेको हो । यो बाघको रुपमा भैरव हो । विभिन्न तान्त्रिक देवी देवताहरू मध्ये भैरव पनि एक हो। त्यसैले यो देवतालाई तान्त्रिक देवता पनि भन्ने गरिन्छ । तान्त्रिका विद्या अनुसार कार्य गर्ने मानिसहरूले आज सम्म पनि यो देवतासंग तान्त्रिक साधनाको विद्या प्रयोग गर्ने कार्यहरू गर्ने गर्दछ। (जीवन कुमार महर्जन, कीर्ति अनुसन्धानात्मक कीर्तिपु, कीर्ति अध्ययण तथा अनुसन्धान मण्डल पृ ८)

आठ जना मातृकाहरूका नाचमा भैरव वीचमा बस्ने गर्दछन् । भैरवको अर्थ भयंकर दरलाग्दो भन्ने हुन्छ। भैर वले खड्ग र ढाल समातेर नाच्ने गर्दछन्। भैरवको बहानको रुपमा बेताल हो। यो मुख्य भैरव हो । तर अष्ट भैरव भनेर विभिन्न प्रकारका भैरवहरू पनि छन्। भैरवलाई नेवारहरूले आजु वा आजु द्यः भन्ने गर्दछन्। यस्तै गरेर महाकालिलाई अजिमा वा अजिमा द्यः भन्ने गरिन्छन् । यीनिहरू सबै देवताहरूलाई नेवारहरूले आफ्नै परिवारको रुपमा मानेर चाड पर्व जात्रा आदि मनाउदै आइरहेका छन्। (ज्ञानकाजी मानन्धर, कुमारी, वनेपा, सुखावती मानन्धर ने सं. ११२३, पृ अ, आ)

चिलन्चो टोलमा बस्ने बर्ष ३८ का बज्रमुनि बज्राचार्यसंगको छलफल अनुसार कीर्तिपुरको बाघभैरव जात्रा सधै भाद्र १ गते सिंहसंक्रान्तिको दिनमा मात्र गर्ने गरिन्छ। तर यो कहिले देखि यस्तो हुन गएको हो थाहा पाउन भने सकिरहेको छैन । किन भने कीर्तिपुर को सबै पूजा जात्रा, चाड पर्वहरू चन्द्रमास अनुसार भइरहेको पाइन्छ तर कीर्तिपुरको बाघ भैरव जात्रा भने सूर्यमास अनुसार भाद्र १ गते गर्ने गरि न्छ। त्यसैले यो बाघ भैरव जात्रा पनि चन्द्रमास अनुसार नै हुनुपर्ने हो। जात्रा मनाउने भनेको त्यति ठूलो कार्य हैन। यने जात्रा चाडपर्व भनेको सामजिक मर्यादाको लागि र समाजिक आवश्यकता अनुसार मनाउने गरिन्छ । यो बाघ भैरव जात्रा गर्द कीर्तिपुर नगर परिक्रमा गर्ने कार्य विक्रम संवत २०१४ सालदेखि मात्र गरेको हो । यो बाघभैरव देवतालाई कीर्तिपुरको आराध्यदेव, इष्ट देवताको रुपमा पनि मान्ने गर्दछ। त्यसैले यो जात्राको आस्था बढ्न गएर कसरी हुन्छ यस जात्रालाई बढी महत्व दिएर मनाउन सकिन्छ भन्ने धारणाको कार णले गर्दा भाद्र १ गते सिंह संक्रान्तिका दिनमा मात्र मनाउने गर्न थालेको पनि हुन सक्छ। यस विषयमा अध्ययन र अनुसन्धान नगरिकनै यस्तै हो भनी कितानका साथ भन्न सकिदैन।

पाघु टोल बस्ने बर्ष ९२ का गंगामान नकर्मीले भन्नु भए अनुसार पहिले पहिले बाघभैरव देवताले कीर्तिपुरवासीलाई साह्रै दुःख दिने गर्दथ्यो। कीर्तिपुरका धेरै स्थानीयवासी बाघले (बाघ भैरव देवताले) खाइदियो । किन भने त्यतिबेला कीर्तिपुरवासीले बाघभैरव देवतालाई पूजा पाठ नै गर्ने गर्दैनथ्यो। बाघभैरव देवतालाई छाडा रुपमा वास्ता नै नगरि त्यतिकै छाडिएको थियो । पछि भक्तपुरका एकजाना तान्त्रिक विद्या जान्नेलाई कीर्तिपुरमा बोलाई देखाउँदा बाघ भैरव देवताले दुःख दिएको रहेछ भनेर तन्त्र मन्त्रको (तान्त्रिक) साधना गरेकर बाघभैरव देवताको स्थापना गरेर पूजा आज गर्दै जात्रा गरी मनाउन थालेपछि कीर्तिपुरवासीमा सुख, शान्ति छाएको हो भन्नु हुन्छ । यसरी बाघभैरव देवताको पूजा गरेर मन्दिर घुमेर मनाउने चलन पर ।पूर्वकालदेखि नै चलि आएको पाइन्छ भने २०१३ सालदेखि मात्र खट (रथ) जात्रा किकिपा एउटा मात्र राखी जात्रा गदै कीर्तिपर नगर परिक्रमा गरेको हो। त्यतिबेला मानन्धर टोलबाट लिएर आएको दिवालीको खटमा किकिपा राखेर जात्रा गर्ने गरिन्थ्यो । वि. सं. १०१४ सालदेखि कीर्तिपुरका विभिन्न टोलका दाफा खलकहरू जात्रामा सहभगी भइइ नौ तीर्थ स्थल घुम्ने भन्दै नगर परिक्रमा गरिन्थ्यो । यसरी बाजा खलकहरूले वि. सं. २०२२ साल सम्म मात्र नगर परिक्रमा गरेको थियो। वि. सं. २०३३ सालमा हामीहरूले (गंगामान नकर्मीले) बाघ भैरवको तामाको मूर्ति र खट पनि बनाउन दिएर बाघभैरवको मूर्ति खटमा राखी नगर परिक्रमा गर्न थालेको हो । त्यतिबेलादेखि अहिले सम्म पनि यसरी नै निरन्तर बाघभैर व जात्रा मनाउदै आइरहेको पाइन्छ। उहाँको भनाई अनुसार आजभन्दा ६० बर्ष पहिले सम्म पनि कीर्तिपुरको बाघभैरव देवता प्रत्यक्ष रुपमा राती कीर्तिपुर नगर परिक्रमा गर्ने गरेको कुरा कीर्तिपुरका धेरै मान्छेहरूको बताउदै आएका छन् । एक पटक उहाँले पनि बाघभैरव जात्राको दिनमा थकाई मार्न बाघभैरव मन्दिर पछाडिको जंगलमा देवाली देवता थापना गरेका ठाउँनिर चुरोट खाएर बसेको बेला बाघभैरव देवताको दर्शन गर्ने मौका पाएका थिए । त्यसबेला बेलुकाको ११ बजेदेखिको समयमा बाघ खुरुखुरु आफ्नै अगाडीबाट तल गएको देखेर यसो उठेर हेर्दाखेरि त्यति नै बेला त्यहाँबाट लिएपछि डरलागेर कराउदै मथि बाघभैरव प्राङगनमा पुगेर राम मन्दिरमा पुगेपछि बेहोस भएको थियो। पछि एकजना साथीले आफुलाई उठाएपछि एकछिन त बोल्नै सकेन। पछि सबै ठिक भयो अनि घर तिर फर्के। त्यस्तै गरेर उहाँको साथी चतुरमान भन्ने व्यक्तिले दशैंमा काठमाण्डौंबाट कीर्तिपुर फर्किदाको समयमा ढिलो भएछ र कीर्तिपुरको पछाडिको उकाला चढ्दै निखासी (बाघभैरव मन्दिर पछाडि) पुगेपछि त्यहाँ बाघ भैरव देवता बाटोमा सुतिर हेको रहेछ। उसले पनि बाघभैरव होला भनि विचार पनि गरको थिएन कस्तो राम्रो कुकुर सुती बसेको रहेछ भनी हातले सुमसुमाउदाखेरी त सुरुक्क उठेर ठूलो आकार देखेपछि उसलार्य त डरलाग्यो। तर बाघभैरव देवता जुरुक्क उठेर केहिपनि नगरि खुरुखुरु आफ्नो बाटोति लागेको कुरा चतुर मानले आफुलाई बताइएको नकर्मीले जानकारी दिनु भएको छ। त्यसैगरी त्यतिबेला कीर्तिपुकाा धेरै मानिसले बाघभैरव देवतालाई देख्ने र विलाएर जाने गरेको कुरा धेरै नं सुन्न गर्दथ्यो भन्नुहुन्छ । त्यतिबेला त्यति वास्त थिएन बाघभैरव देवता आएपछि प्रत्यक्ष दर्शन दिन पाइयो। त्यतिबेला विहान सबैरै उठेर भुईमा बढालेर आउने आइमाइमाहरूले पनि बाघभैर ब देवतालाई दर्शन पाउथ्यो भनिन्छ। उहाँक अनुसार बाघभैरव देवतालाई जथाभावी गर्नु हुदैन । र जथाभावि केहि पनि भन्न हुदैन भन्ने कुरा कीर्तिपुरका सबैजनालाई थाहै छ भन्नु हुन्छ। धेरै मानिसहरूले यस्को नराम्रो गरेका कारण अकालमा नै ज्यान गुमाउनु परेको वा नराम्रो नै भोग्नु परेको कुरा बताउनु हुन्छ । उदाहर णको लागि त्यतिबेला एक जना व्यक्तिले जाँड खाएर बाघभैरव देवतालाई धेरै गाली गरे। पछि समय विदै गएपछि त्यो व्यक्ति बोल्नै नसक्ने भएर लाता नै भएर गए। त्यस्तै अर्को एकजना व्यक्तिले बाघभैरव देवताको गालामा हिर्कायो। पछि त्यो व्यक्तिको गालामा पनि १० धार्मी मासु नै पलाएर कुरुप भएर गएको धेरै जनालाई थहा नै छ । यस प्रकारका उदाहरणहरू धेरै नै पाइन्छ। जुन याहाँ बयान नै गर्न सकिदैन भने यस्तो प्रकारको बयान गर्दै हिड्नु हुदैन पनि भन्नु भयो। तर बाघभैरव देवतालाई तन र मन दिएर पूजा गर्ने गऱ्यो भने बाघभैरव देवताले हामीलाई रक्षा गर्नुका साथ साथै आफ्नो मनोकामनाहरू पूरा गरिदिने विश्वास पनि गर्दछ। यहि विविध कार णहरूले गर्दाखेरि नै आज कीर्तिपुरको आराध्यदेव बागभैरव देवताप्रति आस्था झन बढ्न गएको पाइन्छ।

पहिला पहिला वि. सं. २०२२ साल सम्म बाघभैरव जात्राको दिनमा पाटनका आचाजुहरूले पूजा गर्ने गर्दथ्यो। जुन सरकारद्वारा खताएको हुन्थ्यो। पछि कीर्तिपुरकै गुभाजुहरूले बाघभैरव देवताको पूजा गर्दै आइर हुनु भएको पाइन्छि। यो बाहेक अर्को पूजा भनेको आफ्नो परवारको भाकल भएमा वा भाकल गरेको कार्यसिद्ध भएमा (मनोकामना पूरा भएमा) अथवा बाघभैरव देवताप्रति आस्था गरेर बेलुकातिर गुभाजु राखेर पूजा गर्ने चलन पनि छ। यस पूजालाई स्थानीय भाषामा चा पूजा गर्ने भनिन्छ। चा पूजा गर्दाखेरि वि. सं. २०४६ साल सम्म गोठालो देवताहरूले बनाएको भनिने माटोको बाघ नै प्रत्यक्ष रुपमा दर्शन गर्न दिइन्थ्यो । तर अहिले सुरक्षाको कारणले गर्दाखेरि दर्शन गर्न दिइने चलन बन्द गरिएको छ। क्वाच्चःमा बस्ने बर्ष ८२ का देव महर्जनले भन्नु भए अनुसार वि. सं. २०४६ सालको जनआन्दोलनको क्रममा एक दिन कीर्तिपुर भन्दा ताढाको बस्ती जस्तै कलंकी पाटन आदि ठाउका मानिसहरूले कीर्तिपुर डाँडा पूरै जजमान भई आगो जस्तै बलिरहेको देखेका थिए भनेर त्यतिबेला धेरै मानिसहरूले भन्ने गरेको पाइन्छ। तर यस्तो घटनाहरू पहिले पहिले पनि सुनिएको थियो। त्यतिबेला ती कुरा प्रत्यक्ष देख्ने मान्छेहरू कीर्तिपुरमा आउन नै डराएको थियो भने कति मानिसहरू कीर्तिपुरमा आगो लागेको छ भनी हेर्न आएका थिए । तर कीर्तिपुरभित्र त्यस्तो केहि घटनाहरू नै घटेको नदेखेपछि अचम्म मान्दै फर्केर गएका थिए । त्यतिबेलादेखि कीर्तिपुरवाहिरका मानिसहरूमा पनि बाघभैरव देवताप्रति आस्था बढ्न गरेको कारणले गर्दा बाघभैरव मन्दिर मा चा पूजा गर्ने भनेर टाढा टाढा बाट पनि आउने गरेको पाइन्छि।

नेपाल एकिकरण अभियानको क्रममा पृथ्वी नारायण साहले गोर खनाथको आर्सिवाद र मात मनकामनाको कृपाले सफलता प्राप्त गर्दै गएको थियो । कुनै ठाउमा आक्रमण गर्नु पऱ्यो भने यी देवी देवताको शक्ति पूजा र आराध्य गर्दथ्यो । तर कीर्तिपुरसंग युद्ध गर्ने बेलामा उनले नराम्रो संग हार्नु परेको थियो । पहिलो पटक कीर्तिपुर आक्रमणमा गर्दा गोरखालीहरू धेरै मर्नुका साथै उनको दाहिने हात भनिने कालु पाण्डेको ज्यान गयो। दोस्रो पटक कीर्तिपुरमाथि आक्रमण गर्दा बालकृष्ण जैसी र रामकृष्ण जैसीको ज्यान गयो भने भाई सुरप्रतापको आँखा नै फुट्यो । यस पटक तान्त्रिक भगबन्त नाथ बाबाको तन्त्रमन्त्र गरि पठाएको तित्रा कीर्तिपुरको किल्ला भित्र मात्र पठाउन सकेमा जित्नेछ भनिएको थियो। तर यस पटक पनि कीर्तिपुर को किल्ला भित्र पस्न नै सकिएन । पछि उनेले विचार गरि हेर्दा कतै बाघभैरव देवताको शक्तिको कारणले

सन्दर्भ भाद्र १ गते बाघभैरव जात्रा

गर्दा हारेको होला भनी अनुमान गर्न थाले । यहि विचार गरेर उनले कीर्तिपुरमा तेस्रो पल्ट आक्रमण गर्नु भन्दा पूर्व नै कीर्तिपुरको बाघभैरव देवतालाई गुप्त रुपबाट पूजा आजा गरियो । र भैरव मन्दिरहरूमा पञ्चवली र होमहरू गरियो । त्यतिमात्र नभएर कीर्तिपुरका मुख्य मुख्य मठ मन्दिरमा पूजारीहरूलाई बोलाएर केहि गरि जितेमा मठ मन्दिर को आ आफ्नो रितिको पूजाआजा खांगीमा केहि हेरफेर गरिने छैन भनेर सम्झाउने काम गरियो। सबै धार्मीक गुरुहरू, ज्योतिशी, पण्डित, पुरोहित, उपासकहरू सबैलाई केहि भेटी स्वरुप दिने र यस्ता कुराहरू सम्झाउने आश्वासन दिने काम भयो। यसरी कीर्तिपुरका पूजारीहरूलाई पनि खुब फकाएका थिए । त्यसपछि मात्र पृथ्वीनारायण शाहले कुलानन्दलाई कीर्तिपुरमा तेस्रो पटक आक्रमण गर्न साइत हेर्न अनुरोध गरियो र कीर्तिपुरेहरूलाई सजिलै आफ्नो हातमा पार्न पृथ्वी नारायण शाह सफल भएको पाइन्छ। (एस पी आशा पृथ्वी नारयाण शाह पृ ३२९–३३२) वास्तवमा श्रीबाघभैरव देवतालाई खुसि पार्न सकेको कारणले गर्दा पनि उनि सफल भएको अनुमान गर्न सकिन्छ। यसरी बाघभैरव देवताको शक्ति धेरै ठूलो छ। बाघभैरव देवतालाई तन मनले पूजा प्राथना गरेको खण्डमा आफ्नो मनोकामना अवश्य पनि पूरा हुने गरि न्छ भनी विश्वास गर्न सकिन्छ।

बाघभैरव देवताको स्थापना किन, कसरी र कहिले भएको हो भन्ने बारेमा विभिन्न किम्वदन्तीहरू पनि पाइन्छ। बाघभैरव देवताको बारेमा जुनसुकै किम्वदन्ती भएपनि यो कीर्तिपुरमा वाह्रवर्षमा एक पटक तान्त्रिक रुपमा मनाउने बाघ भैरव नृत्य सँग विशेष गरी गहिरो सम्बन्ध पनि रहेको पाइन्छ। यो नृत्य १२/१२ वर्षको अन्तरमा एक पटक मात्र तान्त्रिक सुरक्षा प्रदान गर्न नृत्य प्रदर्शन गर्नको लागि पिगंमा गएर तान्त्रिक साधना गर्ने गर्दै आइरहेका छन। नेवार समाजमा कुनै बस्ती थापना भैसकेपछि त्यस वस्तीलाई तान्त्रिक कवच लगाइ दिने चलन छ। तान्त्रिक सुरक्षाबम निम्ति शक्तिको मुख्य श्रोत भनेको नै पीगं हो । पीगंमा पूजा गर्नाका मुख्य उद्देश्य भनेको नै भूत, प्रेत, पिशाच, अगति, विभिन्न प्रकारको रोग संगसंगै अष्ट भयहरू (राजाबाट, चोरबाट, पानीवाट, आगोवाट, हावाबाट, शत्रुहरूबाट, चट्याङबाट र भुकम्पबाट) बाट छुन नसकोस भनेर नै हो। पीगं देवतालाई बौद्ध समाजमा अजिमा देवता र हिन्दू समाजमा मातृकाका रुपमा पूजा गर्दै आइरहेको पाइन्छ । पीगंमा अष्टमातृकासँग सिम्बा, धुम्बा, भैरव, गणेश आदि लहरै देवताहरू एकैनासले थापना गरी राख्दछन। त्यसैले पीगंमा पूजा गर्ने भनेको नै तान्त्रिक दृष्टिकोणवाट शक्तिको उपासना गर्ने पूजाविधि हो। तान्त्रिक शक्तिको मूल श्रोतको रुपमा पूजाआजा गर्दै आइर खेको पीठगन देवताहरूलाई मूर्ति मात्र थापना गरेर नपुगेर त्यस मूर्तिलाई जीवन्यास विधिले देवत्व प्रतिस्थापन गरिसकेपछि मात्रै ती देवताहरूको जीवन्त हुने विश्वास भएका कारणले विभिन्न देव देवीहरूलाई जीवन्त दिनका लागि मानिसको शरिरभित्र देवता चढाउने (द्यः दुबिकेगु) परम्परा चल्दै आएको छ। यहि क्रममा अष्टमातृका नृत्य (इकुन प्याखं) बनाइएको होला। मध्यकालतिर इकुन गण नृत्यको नाममा परिचित यी नृत्यहरू विभिन्न नामले परिचित हुदै आएको छ । जस्तै काठमाण्डौंको पचलिभैरव नृत्य, कीर्तिपुरको बाघभैर व नृत्य, न्यत अजिमा नृत्य, लुमधि अजिमा नृत्य, हलचोकको भैरव नृत्य, थेच्चको नवदुर्गा नृत्य गठांमुगलको दिनदेखि सुरु गरेर भलभल अष्टमिको दिनमा सकिने नृत्यहरू हुन। यी सबै अजिमा नृत्यमा सुरुवात गर्दा जन्म र समाप्त गर्दा मरण (मृत्यु)को रुपमा लिएर मुकुण्डाहरू जलाएर नृत्य समाप्त गर्ने गरिन्छ। यसरी अष्टमातृका गण नृत्यको (गं प्याखं) विशेष महत्व नेवार समाजमा रहदै आएको छ। (जिवन कुमार महर्जन, इकुन प्याखं, मतिना प्रकाशन, काठमाण्डौं, अमृता श्रेष्ठ ३१० वि. सं. २०६६ पृ १० देखि १२)

हैन त ? –निरज

अफिस, पसल, सहकारी र अन्य कार्यालयको लागि आवश्यक लेजर, क्यास बुक, स्टक बुक, डे बुक, रजिस्टर लगायत सम्पूर्ण अफिस सामग्री (स्टेशनरी) सुपथ मुल्यमा उपलब्ध छ।

किपू वुक प्वाइण्ट

कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५

'सडकबाट निर्णय'

ब्यंग सन्देश

सरुप कुमार महर्जन

आजभोजि फेरि सडक तात्न थालेको छ। सडकबाट सरकारलाई आफ्नो माग पुरा गराउन दवाव दिने र सडकबाट नै ठूला ठूला निर्णय गर्ने गराउने काममा नेपालीहरू खप्पिस छन्। कसैले अरुलाई हिड्न, चल्न, गाडी गुड्न नदिने जस्ता निर्णय गरी सडक कब्जा गर्ने गरेका छन् त कसैले सडकमा गाडी नगुडाउने निर्णय गरी सडकबाटै दवाव सिर्जना गर्दैछन्। आखिर जे गरे पनि सर्वसाधारण भने मारमा परिरहेका हुन्छन्। यातायात व्यवसायिक संघले आफनो गाडी नचलाउने निर्णय गर्दा कयौं सर्वसाधारण आफ्नो गन्तव्यमा पुग्न सकेन, कयौलाई दुःख भयो, सास्ती भयो र नीजि गाडी, सवारी साधन हुनेलाई मस्ती भयो रे। सरकारलाई पनि जाम छलेर हिड्न परेन। नेपालमा आन्दोलनको पनि आ-आफ्नोपन देखिन्छ। आन्दोलन पनि सिर्जनात्मक छन्। सडक कब्जा गर्न युवाहरूले चक्काजाम र नेपाल बन्द पनि विहान मात्र गर्न थालेका छन्। अव कुनै दिन राती मात्र चक्काजाम र नेपाल बन्द गर्ने दिनहरू पनि आउन सक्छन्। ती यस्ता रोचक घटना तथा आन्दोलनहरूका प्रसंगहरू विश्व घटना कार्यक्रममा समावेश गर्न लायक हुने छन्। एकल पहिचान सहित संघियता र संघियता सहितको नयाँ संविधानको लागि सडक रोज्ने प्रचण्ड नेताको भनाईले सडक कति महत्व छ भन्ने सहजै अनुमान लाउन सकिन्छ। सरकार भनेको केही हैन रहेछ र सडक नै सबैको निर्णय गर्ने थलो रहेछ भन्ने आभाष हुन्छ।

हुन् त सडक सबैको हो। आफूले उभिएसम्म, हिडेसम्म, बसेसम्म सडक आफ्नो जस्तो लाग्छ तर आफूले छोडेपछि अरु कसैले कब्जा गरेमा फेरि सडक उनीहरूकै जस्तो लाग्छ। सडक आफै सडक हुँदैन। सडक बनाउन पनि समय लाग्छ। सडक त धेरै छन् तर मूल सडक कब्जा भयो धेरैलाई समस्या उत्पन्न हुन्छ। सडक बनाउन पनि गाह्रो र तताउन पनि गाह्रो। तर कहिलेकाही यस्तो समय पनि आउँछ। कहिले टन्टलापुर घामले सडक तताइ दिनेछ कहिले जनताको आन्दोलनले सडक तताइ दिनेछ। यहाँ प्रसग उठाउन खोजेको चाही राजनीतिले सडक तताउनेसंग सम्वन्धित छ। अव संविधान सभा तताउने, संसद तताउने अवस्था छैन किन कि नेताहरूले संविधान सभा वा संसदको हत्या गरिसकेको छ। त्यसबाट कयौ सभासद घायल भएका छन्। कयौं बेरोजगार भएका छन्, अपमानित भएका छन्। संविधान सभा तथा संसद तताउनेहरू अव सडक तताउने, सडकबाटै आफ्नो माग पुरा गराउने, सडकबाटै सरकार हटाउने दाउपेचमा छन्। अनि सरकारपक्ष पनि सडकबाटै नै सरकार टिकाउने पक्षमा छन्। आखिर दुवैलाई सडक रोज्न थालेका छन्। पक्ष विपक्षले सडकमा परेड खेलेपछि, सडकमा नाराजुलुस गरेपछि, ढुङ्गामुढा गरेपछि सुर क्षाकर्मीहरू पनि सडकमा ओर्लन बाध्य हुनेछ। त्यसबेला सडकमा भएका जो कोही पनि घाइते बन्न सक्ने, स-साना नानीहरू सडकमा जान नहुने, बुढाबुढी सडकमा जान नहुने दिनहरू आउनेछन्। त्यस्तो अवस्था हिजो पनि आएका थिए र आज पनि आउन लागेको छ र भोलि पनि आइरहने अवस्था बनेको छ। त्यसैले सडकबाट निर्णय गर्ने अवस्थालाई न्युनिकरण गर्नु पर्दछ। सडक जाम नगर्ने अवस्था बनाउनु पर्दछ।

हुन त सडक भनेको विकासको मूल हो। सडक सुविधाले रोजगारीमा बृद्धि हुनेछ। सडक निर्माणबाट कयौंले रोजीरोटी पाएका हुन्छन्। तर त्यही सडक पनि कसैको लागि काल बनिदिन्छ, कसैको लागि ठगी खाने बाटो भइदिन्छ। मूल रुप आन्दोलनमा जस्ले सडक जाम गर्न सक्छ उनीहरूलाई नै जनताले सलाम ठोक्ने परम्परा बनेको छ किन कि उनीहरूलाई शक्तिवान ठान्छन्। सरकारले पनि मान सम्मान दिने गरेका छन्। विदेशीहरूले अनुदान दिने गरेका छन्। त्यसैले पनि होला सडकको धेरै महत्व छ। सडकको महिमा अपरम्पार छ। सडकमा बस्ने, सडकमा खाने, सडक नै आफ्नो संसार बनाउनेहरूदेखि लिएर ठूला ठुला नेताहरूलाई पनि सडकमै बसेर ठुला ठूला निर्णय गर्ने बानी भएका नेताहरूले कहिले टेविलमा बसेर सहमति गर्ने सिक्ने हो ? हेर्न बाकी छ।

आन्दोलनका कारण खोज समिति गठन

२०६८ फागुन १६ गतेदेखि हराई रहेकी काठामाण्डौं जैसी देवलका छोरीमैंया महर्जनलाई खोज्न राज्यलाई दवाव दिन गत शक्रुवारदेखि लगातार रुपमा काठमाण्डौंको माहादेव पावतीको दवलिमा स्थानीयवासी रिले अनसन बसेका कारण बाध्य भएर सर कारको तर्फवाट छोरीमैंया खोज समिति गठन गरेको छ। गृह मन्त्रालयले वेपत्ता छोरीमैंया महर्जनको खोजी गर्न गत सोमवार मात्र चार सदस्यीय समिति गठन गरेको छ। गृहमन्त्रालयका सह सचिव गोकर्णमणि दुवाडीको संयोजकत्वमा गठित समितिमा महानगरीय प्रहरी आयुक्त कार्यालयका डी आईजी परशुराम खत्री, राष्ट्रिय अनुसन्धान विभागका निरजकुमार श्रेष्ठ र महान्यायाधिवक्ताको कार्यालय तर्फवाट राजकुमार कोइराला र हेका छन्। समितिले सात दिनको समय तोकेर सत्यतथ्य बुझी प्रतिवेदन बुझाउन भनिएको छ। यसै वीच छानविन समितिले रिले अनसनलाई हिजो मंगलवार तोडिएको छ। छोरीमैंयालाई खोजी गर्नका लागि लागातर रुपमा स्थानीयवासीले आन्दोलन गर्दै आएको अवस्था छ।

नि–कोरिया क्लिनिकद्वारा निःशुल्क स्वास्थ्य शिविर

गत श्रावण २७ गते शनिवार शान्ति सुव्यवस्था एरिया सहयोग समितिको आयोजनामा नि-कोरिया क्लिनिकका कोरियन डा. आन हि हानले नशा रोग सम्बन्धि स्वास्थ्य परीक्षण गर्नु भएको थियो।

उक्त निःशुल्क स्वास्थ्य शिविरमा २५० जनाले स्वास्थ्य परिक्षण गराई लाभ लिनु भएको थियो।

डा.आन हि हुनले निर्धारित समय भन्दा २ घण्टा बढी समय दिनु भएको थियो।

हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.१९९६/८/१०

स्वर्गारोहण :
२०६९/४/११

स्व. बेखासिं महर्जन

एकीकृत ने.क.पा. (माओवादी) २० नं क्षेत्रिय संगठन समिति कीर्तिपुर ६ वडा पार्टी कमिटीका सेक्रेटरी क. महन्त महर्जन र जनमुक्ति सेना क. महेन्द्र महर्जनकाः पुज्यनीय पिता **बेखासिं महर्जन**को ७३ वर्षको उमेरमा यही श्रावण ११ गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

एकीकृत नेकपा (माओवादी)

२० नं. क्षत्रिय समिति, कीर्तिपुर